मिति २०६७।०४।१२

**माननीय मुख्य न्यायाधीश,**
**पुनरावेदन अदालत ................।**

**विषयः फैसला कार्यान्वयनको अनुगमन सम्वन्धमा ।**

अदालतबाट भएका फैसलाहरू समयमै कार्यान्वयन हुन नसके पक्षले न्याय पाएको अनुभूति गर्न नपाउने मात्र होइन, अदालतप्रतिको जनआस्थामा नै प्रतिकूल असर पर्दछ । न्याय क्षेत्र समन्वय समिति लगायत अन्य सरकारी निकाय र संयन्त्रहरूलाई सक्रिय गराई रणनीतिक योजनाले लिएको लक्ष्य अनुरुप समय मै फैसला कार्यान्वयन गराउने तर्फ विशेष पहल गर्नु होला भनी मिति २०६७।०१।०२ मा निर्देशन दिएको थिएँ ।

अदालतको फैसला बमोजिम कैद, दण्ड, जरीवाना र सरकारी विगो लागेका व्यक्तिहरुको पहिचान गरी असुल तहसिल कार्यलाई अझ बढी प्रभावकारी वनाउन र फैसला कार्यान्वयनको प्रयोजनमा आउने लगतको अद्यावधिक अभिलेख राख्नको लागि सर्वोच्च अदालत नियमावली, २०४९ को एघारौं संशोधनबाट मिति २०६७।०४।०३ देखि फैसला कार्यान्वयन निर्देशनालयको ब्यवस्था भएको छ ।

सर्वोच्च अदालत र मातहत अदालतबाट भएको फैसला तथा फैसला कार्यान्वयन सम्वन्धमा मातहतका अदालत र अर्धन्यायिक निकायहरुलाई नीतिगत निर्देशन दिन सर्वोच्च अदालत अर्न्तगत रहने गरी न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको फैसला कार्यान्वयन गर्ने २ नं. मूल कार्य सम्पन्न गर्ने अभिभारा संशोधित नियमावलीले उक्त निर्देशनालयलाई दिएको छ । फैसला कार्यान्वयन सम्बन्धी केन्द्रीय निकायको रुपमा यस निर्देशनालयले काम गर्नुपर्ने हुँदा मातहतका जिल्ला अदालतहरुबाट कैद, जरीवाना र सरकारी विगो समेतको लगत कम्प्यूटर सञ्जालमा राख्न लगाउने काम भै रहेको छ ।

त्यसको अतिरिक्त फैसला कार्यान्वयन सम्वन्धी निर्देशन र परिपत्र बमोजिमको काम समयमा सम्पन्न भएको छ छैन ? निरीक्षणको क्रममा हेर्नको लागि पुनरावेदन अदालत नियमावली, २०४८ मा सोही मितिमा दशौं संशोधन गरिएको छ । त्यस्तै कैद , जरीवाना र सरकारी विगोको पुराना लगतहरु सकेसम्म चाँडो असुल उपर गर्ने वा मिन्हा दिएर फछ्र्यौट गर्ने उद्देश्यले जिल्ला अदालत नियमावली, २०५२ लाई पनि सोही मितिमा आठौं संशोधन गरी लगत असुल उपर गर्ने, मिन्हा दिने र दसीका माल सामान फिर्ता दिने वा लिलाम गर्ने प्रक्रियालाई सरल बनाईएको छ ।

तसर्थ त्यस पुनरावेदन अदालत मातहतका जिल्ला अदालत तथा अर्धन्यायिक निकायहरुलाई माननीय न्यायाधीशहरुको निरीक्षण, रजिष्ट्रारको निरीक्षण, पुनरावेदन न्याय क्षेत्र समन्वय समितिको वैठक, स्टाफ मिटिङ र मातहत अदालत र निकायहरुलाई दिने निर्देशनको माध्यमबाट फैसला कार्यान्वयन सम्वन्धमा सरोकारवालाहरुसँग समन्वय कायम गरी लगत असुल उपर र व्यवस्थित गर्ने गराउने काममा सम्भाव्य सबै उपायहरु अवलम्वन गरी कार्य गर्न माननीय मुख्य न्यायाधीशको निरन्तर अनुगमनका निम्ति यो निर्देशन दिएको छु । त्यस अदालत र मातहत अदालतबाट फैसला कार्यान्वयनप्रतिको संलग्नता र प्रगतिलाई दृष्टिगत गरी न्यायाधीश र अन्य कर्मचारीहरुको क्षमता एवं दक्षता वृद्धि सम्वन्धी कार्य सम्पादन मूल्यांकनको आधार बनाउने गरी अभिलेख राख्ने व्यवस्था गर्न न्यायपरिषद् सचिवालयलाई पनि यसै निर्देशनबाट जानकारी गराउँदछु ।

रामप्रसाद श्रेष्ठ
प्रधान न्यायाधीश

**वोधार्थः**

श्री न्याय परिषद् सचिवालय,
सर्वोच्च अदालत, एनेक्स ।

श्री फैसला कार्यान्वयन निर्देशनालय,
बार काउन्सिल भवन, कुपण्डोल, ललितपुर ।